नेपाल सरकार
# परराष्ट्र मन्त्रालय
काठमाण्डौ, नेपाल

## प्रेस विज्ञप्ति
## रुसी सेनामा भर्ना भएका नेपालीहरुका सम्बन्धमा

परम्परागत रूपमा रहेको सम्झौता अन्तर्गत केही मित्रराष्ट्रहरूको राष्ट्रिय सेनामा बाहेक अन्य विदेशी सेनामा नेपाली नागरिकहरू भर्ना हुन अनुमति दिने नेपाल सरकारको नीति नरहेको बेहोरा स्पष्ट नै छ। त्यसैगरी, यस मन्त्रालयले मिति २०८०।०८।१८ तथा मिति २०८०।०९।०४ मा प्रकाशित गरेका प्रेस विज्ञप्तिहरु माफर्त सरकारी कामकाज, रुसी सरकारको छात्रवृत्ति तथा पेशा व्यवसायमा संलग्न भएकालाई बाहेक अन्य सर्वसाधारण नागरिकहरुलाई रुस यात्रा गर्नु परेमा No Objection Certificate (NOC) लिएर मात्र यात्रा गर्ने प्रावधान मिलाइएको पनि विदितै छ।

रुसी सेनामा भर्ना भएका नेपाली नागरिकहरुलाई नेपाल फिर्ता गराउन नेपाल सरकारले उच्च प्राथमिकताका साथ कूटनीतिक प्रयास जारी राखेको छ। यसैगरी, रुसी सेनामा ज्यान गुमाएका नेपालीहरुको परिवारलाई रुसी सरकारबाट क्षतिपूर्ति उपलब्ध गराउन, घाइतेको उपचार गर्न तथा त्यहाँ कार्यरत नेपालीलाई फिर्ता पठाउनका लागि रुसी सरकारलाई पुनःअनुरोध गरिएको छ।

नेपाल सरकारको उपरोक्त प्रयासहरुका बावजुद रुसी सेनामा कार्यरत थप सात जना नेपाली नागरिकहरुले ज्यान गुमाउनु भएको दुःखद समाचार प्राप्त भएको छ।

निधन भएका नेपालीहरुको विवरण:

| क्र. सं. | नाम | नेपालमा ठेगाना |
|---|---|---|
| १ | पूर्ण बहादुर गुरुङ्ग | धादिङ्ग |
| २ | नवीन शाही | जाजरकोट |
| ३ | पदम बहादुर घिमिरे | उदयपुर |
| ४ | गंगा राम अधिकारी | झापा |
| ५ | जित बहादुर वि. क. | बाग्लुङ्ग |
| ६ | संजय के. सी. | बाँके |
| ७ | सुन्दर मोक्तान | रसुवा |

यस मन्त्रालय दिवंगत नेपालीहरु प्रति हार्दिक श्रद्धाञ्जली प्रकट गर्दै शोक सन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछ।

**परराष्ट्र मन्त्रालय**
**सिंहदरबार, काठमाण्डौ**
**मिति: २०८०।१२।०१**

नेपाल सरकार
परराष्ट्र मन्त्रालय
काठमाडौं